<u>आरुघाट गाउँपालिकाको १८ औं गाउँसभाका निर्णयहरु</u>

मिति : २०८२/१२/२७

निर्णय नं. १

मिति २०८१/१२/२७ गते १८ औं गाउँसभाको सुरु गर्दै सभाध्यक्ष एवं आरुघाट गाउँपालिकाको अध्यक्ष राजु गुरुङबाट गाउँसभालाई गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको प्रगति विवरण सहितको समिक्षा प्रतिवेदन सहित समसामायिक विषयमा बारेमा जानकारी गराउँदै प्रतिवेदन पेस गर्नुभयो ।

निर्णय नं. २

आरुघाट गाउँपालिकाको १८औं गाउँसभामा सभाका सदस्यज्यूहरुबाट सार्वजनिक महत्व तथा समसामयिक विषयमा आफ्नो धारणा तथा प्रस्तावहरु पेस गर्नुभई सो सम्बन्धमा सभामा छलफल गरि उठेका विषयहरुमा सभाध्यक्ष ज्यूले जवाफ पेस गर्नुभयो ।

निर्णय नं. ३

आरुघाट गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक  र आ.व. २०८२/८३ को हालसम्मको प्रगति विवरण सहितको अनुगमन समितिको प्रतिवेदन अनुगमन समितिका संयोजक एवं गाउँपालिका उपाध्यक्ष श्री कल्पना नेपालीबाट गाउँसभामा पेस भई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आरुघाट गाउँपालिकाको आ.व. २०८१/८२ को लेखा परिक्षण सम्बन्धमा महालेखा परीक्षकले दिएको प्रारम्भिक प्रतिवेदन सभामा प्रस्तुत गरियो । महालेखा परीक्षकले औल्याएको नियमित गर्नुपर्ने, असुली गर्नुपर्ने र सैद्धान्तिक बेरुजुका सम्बन्धमा छलफल गरी नियमित गर्नुपर्ने बेरुजुको सम्बन्धमा लेखा समितिको कार्य संचालन नियमावली बमोजिम गाउँपालिकाको लेखा समितिले नियमित गरी सम्परिक्षण गर्नका लागी सभामा पेस गर्ने निर्णय गरेको देहाय बमोजिमका नियमित गर्नुपर्ने प्रकृतिका बेरुजु लेखा समितिका संयोजक श्री राजेन्द्र राना मगर ज्यूबाट सभामा पेस भई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

क. आरुघाट गाउँपालिका र मातहतका वडा कार्यालयका लागि पहिलो पटक प्रयोगमा ल्याईएको दर्ता चलानी तथा ई- सिफारिस सम्बन्धी सफ्टवेयर हाल सम्म व्यवस्थित तवरले संचालनमा रहेको, सेवा प्रवाह छिटो छरितो र सहज भएको, लागत घटेको, सेवा ग्राही सन्तुष्टी वढेको, सुशासन कायम गर्न सहयोग पुगेको हुँदा

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

Scanned with CamScanner

सूचना प्रविधि विभागबाट प्रमाणित गराउनु पर्ने रित नपुगेता पंनि यसबाट कुनै पनि प्रकारको सरकारी हानी नोक्सानी नभएको हुँदा रु.४,९७,२००/- रुपैयाँ नियमित गरि सम्परिक्षण गराउने निर्णय गरियो ।

ख. आरुघाट गाउपालिका क्षेत्र अन्तर्गत विभिन्न समाजिक तथा समुदायिक प्रयोजनका लागि संरचना निर्माण गर्नु आवस्यक देखिएको साथै यस किसिमका सार्वजनिक सम्पतिको संरक्षण गर्ने समेत स्थानीयस्तरकै जिम्मेवारी भएको साथै यस किसिमको संरचना निर्माणबाट समाज र समुदायको सामुदयिक कार्य र सामाजिक सांस्कृतिक संरक्षण हुने देखिएको र यसबाट कुनै पनि प्रकारको सरकारी हानि नोक्सानी नभएको हुँदा रु.२७,१४,८८२/- रुपैयाँ नियमित गरि सम्परिक्षण गराउने निर्णय गरियो ।

ग. राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत महिला किसानलाई २ बाख्रा र १ वोयर क्रस गरि २५ महिलाहरुलाई वितरण गरिएको बाख्रा पाठापाठीहरुको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गरी लक्षित वर्ग समुह छनौट गरी जिविकोपार्जन सुधार कार्यक्रम कार्यविधि अनुरुपनै सञ्चालन गरिएको साथै किसानको घर गोठमा नै प्रत्यक्ष अनुगमन गरि फोटो र वीमा गरिएको प्रमाण समेत प्राप्त गरि सो को प्रमाणहरु समेत कार्यालयमा अभिलेखिकरण गरि राखिएकोले यसबाट कुनै पनि प्रकारको सरकारी हानि नोक्सानी नभएको हुँदा रु.६,५०,०००/- रुपैयाँ नियमित गरि सम्परिक्षण गराउने निर्णय गरियो ।

घ. आरुघाट गाउँपालिकामा विद्यालयको संख्या अनुसार विध्यालय संचालन तथा अनुदान रकम नपुग भएकोले उक्त शीर्षकमा बजेट अभाव भएको भनी तालुक निकायमा पत्राचार गर्दा समेत बजेट निकासा नभएको हुदा सशर्त तर्फको अनिवार्य भुक्तानी गर्नु पर्ने भएकोले सशर्त तर्फको अपुग भएको रकम विद्यालय व्यवस्थापन तथा संचालन अनुदान शीर्षकको नपुग खर्च समान क्षेत्रगत बजेट शीर्षक दिवा खाजा शीर्षकबाट खर्च लेखिएको र यसबाट कुनै पनि प्रकारको सरकारी हानि नोक्सानी नभएको हुँदा रु.९,१९,५००/- रुपैयाँ नियमित गरि सम्परिक्षण गराउने निर्णय गरियो ।

निर्णय नं. ५

आरुघाट गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेंदन तथा आ.व. २०८२/८३ को हालसम्मको न्यायिक समितिले सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन समितिका संयोजक श्री कल्पना नेपालीबाट गाउँसभामा पेस भई सभाबाट सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. ६

आरुघाट गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२/८३ को हालसम्मको प्रगति प्रतिवेदन राजश्व परामर्श समितिका सदस्य श्री धनेन्द्र धमलाबाट गाउँसभामा पेस भई सभाबाट सर्वसम्मतले पारित गरियो ।

आरुघाट गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. ७

आरुघाट गाउँपालिकामा रहेका देहायका विषयगत समितिहरुको आ.व. २०८१।८२ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२।८३ को हालसम्मको प्रगति प्रतिवेदन सम्बन्धित समितिका संयोजकहरुबाट गाउँसभामा पेस भइ सभाबाट अनुमोदन गरियो।

<u>देहायः</u>

क. सुशासन तथा संस्थागत विकास समिति
ख. वातावरण तथा विपद् व्यवस्थापन समिति
ग. पूर्वाधार विकास समिति
घ. सामाजिक विकास समिति
ङ. आर्थिक विकास समिति

निर्णय नं. ८

आरुघाट गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये देहाय बमोजिमका कर्मचारीहरुलाई गाउँपालिकाको उत्कृष्ट कर्मचारीको रुपमा रु ३०,०००।– नगद पुरस्कार सहित प्रोत्साहन गर्ने प्रस्ताव सुशासन तथा संस्थागत विकास समितिका सदस्य श्री संजित श्रेष्ठबाट गाउँसभामा पेस भई सभाबाट सर्वसम्मतले पारित गरियो।

<u>देहायः</u>

क. असिष्टेन्ट सव-ईन्जिनियर श्री रामजी अधिकारी
ख. वरिष्ठ प्रशासन सहायक श्री कविराज खनाल
ग. सहायक पशु चिकित्सक(छैटौ) श्री ईन्द्रहरि खनाल
घ. शिक्षा अधिकृत श्री करुणा पनेरु

निर्णय नं. ९

आरुघाट गाउँपालिकाको ढुङ्गा खानी तथा ढुङ्गा गिटि वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०८२ र आरुघाट गाउँपालिकाको शिक्षा ऐन,२०७५ (चौथो संशोधन) सम्बन्धी प्रस्ताव आर्थिक विकास समितिका संयोजक श्री मुरारी खनालबाट गाउँसभामा पेस भई सभावाट पारित गरियो।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. १०

आरुघाट गाउँपालिकाको विनियोजन ऐन, २०८२ को संशोधन प्रस्ताव गाउँपालिकाका उपाध्यक्ष श्री कल्पना नेपाली ज्यूबाट १८ औं गाउँसभामा पेस भई छलफल पश्चात् सर्वसम्मत रुपले पारित गरियो। १८ औं गाउँसभाले संशोधन शीर्षकान्तर र रकमान्तर गरेका योजना तथा कार्यक्रम अनुसूची -१ मा उल्लेख गरिएको छ।

निर्णय नं. ११

आ.व. २०८२/८३ मा १७ औ गाउँसभाले विनियोजन गरेका बजेट तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा गाउँकार्यपालिकाले गरेका सामान्य हेरफेर, शिर्षक परिमार्जन तथा खेलकुद तथा कला संस्कृतिको जगेर्ना र संरक्षणका लागि गरेका विभिन्न सहयोग, आर्थिक सहायता, सार्वजनिक निर्माण शिर्षकबाट भएका कार्य एवं अन्य समितिबाट गरिएको निर्णय बमोजिम भएको प्रशासनिक र आर्थिक क्रियाकलापको अनुमोदन गरिदिने प्रस्ताव उपाध्यक्ष कल्पना नेपालीज्यूबाट सभमा पेस भई सर्वसम्मति बाट प्रस्ताव अनुमोदन भयो।

निर्णय नं. १२

आरुघाट गाउँपालिकाको १८ औं गाउँसभामा सार्वजनिक महत्वको देहायको प्रस्ताव पेस गरी पारित गरियो।

क. आरुघाट गाउँपालिका वडा नं. ३,४, ५ र ६ का जग्गाहरु श्री ५ को वायु गुठी अन्तर्गत दर्ता कायम हुँदा सर्वसाधरण नागरिकले जग्गा कारोवार तथा धितोमा समस्या भएको, सार्वजनिक निर्माणका कार्यहरुका लागि जग्गा प्राप्तिमा समेत समस्या भएको हुँदा उक्त समस्या समाधान गर्न संघीय सरकारलाई अनुरोध गर्ने।

ख. बुढिगण्डकी जलविद्युत आयोजनाका कारणले प्रभावित सार्वजनिक जग्गामा बनेका घरटहराहरुको मुआब्जा वितरण, डुवान क्षेत्रका नागरिकको पुर्नवासको व्यवस्थापन, सार्वजनिक सेवा केन्द्रको भवन निर्माण तथा स्थानान्तरण लगायतका समस्या तत्काल सम्बोधन गरी आयोजना निर्माण कार्यको थालनी गर्न संघीय सरकारलाई अनुरोध गर्ने।

ग. आरुघाट गाउँपालिकाको १७ औ गाउँसभाबाट आरुघाट बज़ार क्षेत्रको सडक स्तरोन्नती कार्यका लागि विनियोजित रु ५०,००,०००।– बजेट कार्यान्वयका लागि अन्यौलता सिर्जना भई बुढिगण्डकी जलविद्युत आयोजना कम्पनीलाई पत्राचार गरिएकोमा आवश्यकता अनुरुप अस्थायी प्रकृतिका निर्माण कार्य गर्न सकिने जानकारी प्राप्त भएको हुँदा आरुघाट बजारको फिल्महलदेखि आरुघाट आधारभूत अस्पताल सम्मको सडक ग्राभेल तथा नाली निर्माण सम्बन्धी कार्य उपभोक्ता समितिबाट तत्काल गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

Scanned with CamScanner